नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ५७१९६४४/५/६
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np


पत्र संख्या : भु.प्र.वि./नीति/परिपत्र/२/०८०/८१ मिति :- २०८१/०३/१३

**श्री भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त सबै संस्थाहरु ।**

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०८० मा थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई मिति २०८०/०८/०४ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०८० मा देहायबमोजिमको व्यहोरा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**अ.प्रा.निर्देशन नं १६/०८० (विविध व्यवस्था सम्बन्धमा)** मा देहायको व्यवस्था गरी **बुदाँ नं ८** थप गरिएको छ :

Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय Retail Payments अन्तर्गतको **Merchant Payments (P2M) को Acquiring तथा Issuing कारोबार** गर्दा **राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा नआएसम्म** सो अन्तर्गतको Retail Payment Switch (RPS) मार्फत हुने गरी देहायका व्यवस्थाहरु समेत पालना गर्नुपर्ने छ :

(१) यो व्यवस्था लागू भए पश्चात् यस्तो कारोबार गर्न चाहने भुक्तानी सम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्थाले विदेशी संस्थासँग समझदारी (MOU) गर्नु पूर्व यस विभागसँग पूर्व सहमति लिनु पर्नेछ । यस्तो पूर्व सहमतिको निवेदनसाथ प्रस्तावित विदेशी संस्थासँगको आवद्धताबाट हुने उपलब्धि/औचित्य लगायत यस विभागले माग गरेबमोजिमको कागजात/विवरण समेत पेश गर्नुपर्ने छ ।

(२) माथि उपबुँदा नं. १ बमोजिम MOU भएको विदेशी संस्थासँग कारोबार सुचारु (Go Live) गर्नु पूर्व यस विभागबाट स्वीकृति प्राप्त गर्नुपर्ने छ । यस्तो स्वीकृतिको लागि निवेदन पेश गर्दा प्रचलित विदेशी विनिमय र भुक्तानी प्रणाली सम्बन्धी सम्पूर्ण व्यवस्थाहरु पालना हुने व्यहोरा, विदेशी संस्थासँगको मूल सम्झौता (Main Agreement), विदेशी संस्थाको Profile, Interface, Configuration, कारोबार सम्बन्धी Rule, Fee Sharing, Transaction and Dispute Settlement Mechanism, Risk Management, भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १४(२) मा उल्लिखित विषय, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण, साइबर सुरक्षा लगायत यस विभागले माग गरे बमोजिमका कागजात/विवरण समेत पेश गर्नुपर्ने छ ।

(३) यस्तो कारोबार सम्बन्धी विवरण/तथ्याङ्क यस विभागले तोके बमोजिम उपलब्ध गराउनुपर्ने छ ।

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ५७१९६४४/५/६
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np


(४) कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा दाबी उजुरी परेको वा नगरेको अवस्थामा कारोबार रकमको Force Settlement बढीमा T+30 Days भित्र गराउने दायित्व उपकरण Issue गर्ने र Acquire गर्ने दुवै संस्थाको हुनेछ ।

(५) यस्तो कारोबारमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको प्रचलित विनियमावली, परिपत्र, सूचना लगायतका व्यवस्था समेत पालना हुनुपर्ने छ ।

भवदीय,

(निभा श्रेष्ठ)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
१०. श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
११. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१२. श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।